# समाचार सन्देश

वर्ष १४, अङ्क ८ आई.पी.एस्. लेख रचनाको सँगालो, मंसिर १५–२९, २०६४ (दिसेम्बर १ – १५, २००७)

# गरीबीमा केन्द्रित थाई निर्वाचन-राजनीति

– मार्वान म्याकन-मार्कर

बैंकक (**आई.पी.एस्. ⁄ एन्.पी.आई.**) – बितेको १५ महिनामा थाइल्याण्डको रुढीबादी राजनीतिक अभिजात वर्गले गत वर्षको 'कू' बाट धेरै फाइदा उठायो। त्यस वर्गले चारैतिर आना समर्थकको भेला गरी विगतमा लोकप्रिय नीतिका नाममा भ्रष्ट कार्य भएको प्रचार गऱ्यो । उसले यस विषयलाई सञ्चार, सार्वजनिक भाषण तथा विश्वविद्यालय गोष्ठीमार्फत सर्वत्र फैलायो ।

सैनिक समर्थित त्यस वर्गले आफूलाई देशको रक्षकका रूपमा व्याख्या गऱ्यो। प्रधानमन्त्री थाक्सिन सिनावात्रा १९ सेप्टेम्बरमा सैनिकद्वारा बलपूर्वक शक्तिहीन बनाइनु आवश्यक रहेको पुष्टि गर्ने प्रयास गऱ्यो। दक्षिण-पूर्वी एशियाली राष्ट्र थाइल्याण्डको अठारौं 'कू' पछि पनि त्यही काम गरियो जो पहिलाका 'कू' मा हुनेगर्थ्यो । 'कू' पछि सैनिकलाई सडकमा फूल तथा आइसक्रिमद्वारा स्वागत गरियो ।

गत वर्षको मे महिनामा विशिष्ट वर्गका अगुवा पार्टीहरू त्यस बेला बढी प्रसन्न भए जब थाक्सिनले नेतृत्व गरेको थाई राक थाई (टिआरटी अर्थात थाईले थाईलाई माया गर्छन्) लाई २००६ को अप्रिल महिनामा सम्पन्न विवादास्पद आमनिर्वाचनमा निर्वाचन ऐन उल्लंघन गरेको भनी दोषी सावित गरियो । विशेष सैनिक नियुक्ति अस्थायी अदालतले थाई राक थाई र यसका नेताहरूलाई राजनीति गर्न पाँच वर्षका लागि प्रतिबन्ध लगायो। त्यो बेला थाक्सिन राजनीतिक खेलाडी भएर चाँडै फर्किन सक्तैनन् भनेर थाई अभिजात बर्ग र बैंकको अति धनी तथा मध्यम वर्गले विश्लेषण गऱ्यो । उनलाई भ्रष्ट र तानाशाही भन्दै थाइल्याण्डको आदरणीय सम्राटलाई अनादर गर्ने सरकार प्रमुखका रूपमा चित्रण गरियो । तर थाक्सिनको पक्षमा उनलाई लगाइएका अभियोगविरुद्ध र ाजधानीको सडकमा दशौं हजारको सङ्ख्यामा जनता उत्रिए। तैपनि त्यस वर्गले सैनिक, कर्मचारीतन्त्र र राजाको समर्थन पाएर थाक्सिनका समर्थकलाई दबायो। शासकले उनका समर्थकलाई अनिदो रात बिताउन वाध्य बनायो। थाक्सिन दुष्ट मानिस हुन्, उनलाई राजनीतिमा आउन दिनुहुन्न भनेर ग्रामीण क्षेत्रसम्म मन्त्रणा गरियो। यद्यपि त्यस प्रयासका बाबजुद थाक्सिनका समर्थक आनो विश्वासमा अडिग देखिए ।

'कू' का मतियारहरूको व्यापक प्रचार २३ डिसेम्बरको चुनावलाई प्रभावित बनाउने दिशामा केन्द्रित थियो। यी हरफ लेखिंरहँदा थाक्सिन बिरुद्धको संस्थापन पक्षको प्रचार अभियान शिखरमा पुगेको छ । ४ सय ८० सिटका लागि हुने निर्वाचनको मुखमा गरिएको मतसर्वेक्षणले मुलुकको उत्तर-पूर्वी क्षेत्रका गरीब किसानका परिवारहरूबाट थाक्सिनलाई नै मतदान हुने देखायो । संस्थापन विशिष्ट वर्गको विरोधमा मतदाता रहेको देखियो ।

टिआरटीमाथि प्रतिबन्ध लागेपछि त्यस पार्टीका अनुयायीहरूले नयाँ पिपुल्स पावर पार्टी (पिपिपि) खोलेका छन्, जसमा टिआरटीको राजनीतिक विरासत छ । यसले विजयका लागि उत्तर-पूर्वी क्षेत्रका जनताको भावना जित्नुपर्ने यथार्थ बुझेको छ । कुन पार्टीले अर्को सरकार बनाउँला भन्ने कुराको निर्णय निर्वाचनले नै

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन ⁄ प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

गर्नेछ । यस क्षेत्रको १ सय ३० संसदीय सिट माथि कब्जा जमाउने पार्टीले नयाँ सरकार बनाउनेछ ।

'हिजो थाक्सिनका समर्थक रहेको क्षेत्रमा आज पिपिपीका कार्यकर्ता र समर्थकको सङ्ख्या ठूलो छ,' गरिब जनसाधारण समुदायका परामर्शदाता वानाटोर्न अनदामले आईपीएसलाई भने- पिपिपीले गरिबको मन जितेर अरुले आर्जन गर्न नसकेको लोकप्रियता हासिल गरेको छ, यसको परिणाम चुनाबले देखाउने छ ।

थाक्सिन प्रधानमन्त्री हुनुअघि एक करोडपति व्यबसायी थिए भन्ने सबैलाई थाहा छ । दूरसञ्चारका क्षेत्रमा उनको व्यवसाय केन्द्रित थियो । देशको ठूलो निर्वाचन क्षेत्रबाट उनले प्रतिनिधित्व गरेका थिए । ग्रामीण गरीबबीच कल्याणकारी नीति कार्यन्वयन गरेर उनले लोकप्रियता पनि हासिल गरे । गरिबका लागि अधारभूत स्वास्थ सेवा, उदार ऋण मिनाहा, गरिब संरक्षणको योजना र सरल कर्जा कार्यक्रम लागू गरेर उनी लोकप्रिय भए ।

यस कार्यक्रमले प्राज्ञिक र अरु राजनीतिक पार्टीबाट पनि प्रशंसा आर्जन गऱ्यो । थाई राक थाई देशको पहिलो त्यस्तो राजनीतिक पार्टी हो जसका सञ्चालकहरू सामन्ती थिए तर गरिबको हितमा काम गर्ने घोषणा गर्थे । गरीब जसले थाई राक थाईलाई २००१ र २००५ को आम चुनावमा विजयी गराए । टिआरटी थाइल्याण्डको इतिहासमा ठूलो र लोकप्रिय पार्टी हुनपुग्यो ।

बैंकककोे चुलालाङकर्न विश्वविद्यालयका राजनीतिक विशेषज्ञ गिल्स उडपाकर्ने भन्छन्, 'टिआरटीले गरिबको मत जित्न सके मात्र आनालागि सत्ताको ढोका खुल्ने यथार्थ बुझेको थियो । टिआरटीको रणनीति बुझेका थाक्सिनले पनि गरीब जनतालाई नै केन्द्रित गरेर नीति निर्माण गरे र मत पनि बटुले । आज पनि गरिब थाई जनता थाक्सिनको गरीब समर्थक नीतिप्रति स्वाभाविक रूपले तानिएका छन् ।'

'बैंकककका विशिष्ट वर्गले यो स्वीकार गर्न चाहेका छैनन्' उनले एक अन्तर्वार्तामा भने, 'उनीहरू सरकारमा बसेर आश्वासन बाँढिरहेका छन् । सरकारको काम आश्वासन दिने नभएर त्यसलाई व्यबहारमा उतार्ने हो । यसले उनीहरूमा पिपुल पावर पार्टीले निर्वाचन जित्ला भन्ने डर छ । देश निकाला भएर लण्डनमा बसेका थाक्सिनले देशमै नआईकन चुनाब जित्ने हुन् कि भन्ने डर उनीहरूलाई परेको छ । अरु राजनीतिक पार्टी पनि पिपिपीका अगाडि आफू कमजोर रहेको स्वीकार गर्छन् । जनता वर्तमान मतदान अभियानमा गरिबी उन्मूलनलाई व्याबहारिक स्वरूप दिनसक्ने पार्टीले विजयी हुनुपर्छ भन्ने मानसिकताका साथ लागेका छन् ।

डेमोक्र्याटिक पार्टी नामको देशको पुरानो प्रजातान्त्रिक दलले ग्रामीण मतदातालाई दक्षिण-पूर्वी भेगमा फल्ने प्रसिद्ध जसमिन धान उत्पादन गर्नमा सहयोग गर्ने, विशेष लाभकर अञ्चल बनाउने र बलियो व्यापार-सीमा लागू गर्ने घोषणापत्रसहित प्रचार-प्रसारमा अघिसरेको छ । यस कार्यक्रमप्रति गरिब किसान आकर्षित पनि भएका छन् । प्रजातन्त्रवादी वरिष्ठ नेता कियाट सिथेमोर्नले पत्रकारलाई उत्तर-पूर्वी क्षेत्रमा पानीको ठूलो समस्या रहेको स्मरण गर्दै भने, हामीले ३ खर्ब भाट (९ अर्ब डलर) पानीको आपूर्तिका लागि खर्च गर्नुपर्छ अनिमात्र घोषणापत्र कार्यान्वयनमा आउँछ ।

'घोषणापत्र ग्रामीण गरीबलाई फकाउन र पिपिपीलाई बाहिर हुत्याउनका लागि मात्र हो भन्ने सत्य बुझ्न गाह्रो पर्दैन । यस सत्यलाई जनताले कति बुझेका छन् भन्ने कुराको जानकारी अन्तिम मतदानले देखाउनेछ । यी दुई पार्टीहरू आमनिर्वाचनमा आमुन्ने-सामुन्ने परेपछि को कति पानीमा छ, प्रष्ट हुन्छ,' कियाटले भने ।

निर्वाचन प्रक्रियामा पिपिपी पक्षपातको शिकार भएको छ । उसलाई निर्वाचन प्रचारमा रोक लगाइएको छ । कुनै लोकप्रिय सरकारलाई कुनैपनि बेला 'कू' गरेर हटाउनसक्ने सैनिक समर्थित संस्थापन पक्ष किन ११ घण्टा लामो छलफलपछि पिपिपीलाई प्रचारमा आउन नदिने निर्णय गर्दछ, आश्चर्य लाग्दछ । दि नेशन अखबारले विवरण दिएअनुसार निर्वाचनको आदेशमा अनुसन्धान गर्दा पिपिपीको कार्यक्रममा ५० लाख कम्प्युटर सिडीहरू

उत्तर-पूर्वी प्रदेशमा वितरण गरिएका छन् । सिडीमार्फत चुनाब प्रचार गरिएकोमा थाक्सिनले थाई राजनीतिको आनो रोक उल्लंघन गरेको आरोप लगाइएको छ ।

यदि दोषी ठहर भएमा पिपिपी समाप्त हुनसक्छ । गत मे महिनाको घटना (टिआरटीमाथि प्रतिबन्ध लगाएको) फेरि दोहोरिनेछ । त्यसो भएमा ग्रामीण गरीबहरू राजनीतिक आवाजबिहीन हुनेछन् ।

# आणविक सम्झौतामा वामपन्थी उल्झन

– प्रफुल विद्वाई

याँदिल्ली (आई.पी.एस./एन.पी.आई.) – मनमोहन सिंहको सरकारले अमेरिका-भारत आणविक सहयोग सम्झौतामा विधायकबाट जुन सहयोग पाउने अपेक्षा गरेको थियो, त्यो सम्भव भएन। सम्झौता विवादास्पद बन्नपुग्यो

ना युनाइटेड प्रोग्रेशिप एलायन्स (युपिए) नामको वाममोर्चासहितको सत्ताधारी सञ्जाल सङ्कटमा पर्न गएको हो।

डिसेम्बरको पहिलो साता राज्यसभा (संसद्को माथिलो सदन) मा सम्झौतामा भएको छलफलमा कांग्रेसद्वारा नेतृत्व गरिएको युपिए एक्लो बन्नपुग्यो।

सरकार अब अन्तर्राष्ट्रिय परमाणविक उर्जा एजेन्सी (आइएइए) मार्फत सम्झौताका सम्बन्धमा विस्तृत सहमति बनाउनेछ। जब कि यस विषयमा आन्तरिक रूपमा विस्तृत छलफल र सहमति हुनै सकिरहेको छैन।

आन्तरिक सहमतिबिना आइएइएमा छलफलमा जादा नयाँदिल्लीको क्षमता कमजोर हुनेछ। आइएइएमा आणविक उर्जा आपूर्ति समूह (एनएसजी) का ४५ राष्ट्र सदस्य छन्। आइएइएले आणविक उर्जा अप्रसार सन्धिमा हस्ताक्षर नगरेका तर यसको व्यापार र उत्पादन गर्ने अन्य मुलुकलाई कडाइका साथ नियन्त्रण गर्दछ।

सरकार विषेष निरीक्षण सम्झौताका लागि आइएइएसँग छलफल गर्न जाने तयारीमा छ। दीर्घकालीन उर्जा सञ्चितिका लागि विषेष निरीक्षण सम्झौता आवश्यक हुन्छ।

सरकारका लागि संसद्को छलफल प्रत्युत्पादक हुनपुगेको छ। मध्य नोभेम्बरको उपलब्धिलाई पनि यस छलफलले कमजोर बनाइदिएको छ।

सम्झौतामा सहमति हुन संसद्मा युपिएलाई समर्थन जनाउने वाम घटकको मत निर्णायक हुन्छ। गएको जुलाईमा संयुक्तराज्य अमेरिका र भारतबीच हस्ताक्षर भएको सम्झौता जसलाई १ सय २३ औं सम्झौता (किनकि १९७४ को संयुक्त राज्य परमाणु उर्जा ऐन खण्ड १२३ अनुसार सम्झौता भएकोले) पनि भनिन्छ, मा उनीहरूको आन्तरिक विरोधलाई मन्द गराउने प्रयास भने भएका छन्।

युपिए र वाम पार्टीको १५ सदस्यीय संयुक्त समितिले सम्झौताका लागि बैठक बस्यो। वाम पक्ष आइएइएको उपस्थितिमा कुरा गर्न सहमत भयो।

'तर यसमा उसको शर्त छ। सरकारले संयुक्त समितिको अनुमोदनअगाडि आइएइएसँग कुनै पनि करारमा हस्ताक्षर गर्न पाउने छैन। यसले स्पष्ट हुन्छ कि वामपक्ष आनो मूल अडानबाट केही नरम भएको छ,' दिल्ली विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध र विश्व राजनीतिका प्राध्यापक आचिन भनेक बताउँछन्।

वाम घटकहरू भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को नेतृत्वमा रहेका छन्। मार्क्सवादीको पश्चिम बङ्गाल समूहले त्यहाँको राज्य सरकारको नेतृत्व पनि लिएको छ। मार्क्सवादीकै दबाबका कारण वाम घटकले आनो अडान परिवर्तन गरेको हो।

कोलकताबाट १६० किलोमिटर टाढा नन्दीग्राममा औद्योगिक योजनाका लागि खेतीयोग्य जमिन बलजती अधिकरण गरेकोमा सिपिएमको पश्चिम बङ्गाल सरकार विवादमा परेको छ। जमिन अधिकरणको विरोधमा उत्रेका जनतालाई बलपूर्वक दवाउन सिपिएम र अन्य वामपार्टीले सरकार लाई सघाएको र चौध गाउँले गोलीको शिकार भएको घटनाका कारण आरोप प्रत्यारोपको श्रृंखला चल्दै आएको छ। सो भिडन्तमा सख्त घाइतेमध्ये ६ जनाभन्दा बढी व्यक्तिको पनि गत महिना मृत्यु भैसकेको छ।

सो घटनाका कारण नन्दीग्राममा असन्तुष्टि अझै भुसको आगो बनेर सल्किरहेको छ। यसैबीच प्रहरीले फेला पारेको सामूहिक चिहानले त्यस आगोलाई फुक्ने काम गरेको छ। त्यो चिहान हालैको हिंसामा हराएका भनिएका व्यक्तिहरूको थियो।

'नन्दीग्राम हिंसा वामपार्टीको छविमा ठूलो दाग लगाउने कारण बन्यो। पश्चिम बङ्गाल सरकार राजनीतिक हिसाबले घाइते हुनपुग्यो,' भनेकले अगाडि भने- त्यसकै परिणामस्वरूप मार्क्सवादी पार्टी अनिच्छाका बावजुद युपिएलाई साथ दिन वाध्य भयो। यी सबै घटनाले मध्यावधि चुनावको आमन्त्रण गरिरहेका छन्, जसमा वामपार्टीले २००४ को भन्दा कम मत पाउने सम्भ(ावना छ।

डिसेम्बरको सुरुमा सम्झौताप्रति वाम विरोधको चाप स्वात्तै घटेर लोकसभाको वातावरण सामान्य छलफलको स्थितिमा परिणत भयो।

क्षेत्रीय पार्टीहरूको संयुक्त राष्ट्रिय

प्रगतिशील मोर्चाले केही मात्रामा आणविक सम्झौतामा खुकुलो पन देखाए। व्यवस्थापिका सभाका सदस्यहरूले पहिलाजस्तो सम्झौताप्रति निन्दा प्रकट गर्न सकेनन् । उनीहरू सरकारको विरोधमा बोल्नुको सट्टा 'आशा गरौं, परमाणु सम्झौताले मुलुकको सुरक्षा बढाउने छ' भन्न थाले ।

सरकारका प्रतिनिधि खासगरी विदेशमन्त्री प्रणव मुखर्जीले सम्झौताका आलोचकहरूलाई २९ नोभेम्बरमा जोशिलो तर्कसहित जवाफ दिई सकेका थिए। त्यसपछि नै लोकसभा छलफलमा सुधार आएको हो ।

यद्यापि राज्यसभामा भएको छलफलले आणविक उर्जा सम्झौताबारे राजनीतिक विचारमा हल्का ध्रुवीकरण बढायो। अनि युपिएको छुट्टै महत्व हुन गयो । पहिला संसद्‌मा ६० प्रतिशतभन्दा ठूलो समूह विरोधमा देखिन्थ्यो । उनीहरूको विरोध गर्ने तरिका वृहत् र प्रभावशाली थियो तर सरकार पनि सम्झौताको पक्षमा अडानका साथ खडा भैरह्‍यो, सिपिएमका माहासचिव प्रकाश करटले भने ।

सम्झौताको विरोधमा मुख्यतया: तीन तर्क समावेश थिए । पहिलो, अधिक परिमाणमा सांसद संख्या रहेका पार्टीहरूले १२३ सम्झौताले २००६ को अगष्टमा प्रदानमन्त्री मनमोहन सिंहले सदनमा दिएको आश्वासनअनुसार काम भएन, त्यसैले सम्झौताको अनुमोदन गर्न सकिन्न, यसमा थप वहस गर्नु नै बेकार छ भनेका थिए ।

विरोधमा संलग्न दोस्रो समूहका सांसदको नेतृत्व खासगरी राष्ट्रिय भारतीय जनता पार्टीले गरेको थियो। उनीहरू सम्झौताका विषयमा थप स्पष्टिकरण मागिरहेका थिए। त्यसैगरी तेस्रो समूहका दलहरूले साझा संसदीय समिति बनाई सम्झौताभित्र रहेका भ्रम हटाउन र जनताको विश्वास जितेर अगि बढ्‍न सुझाव दिएका थिए ।

एक प्रकारले परमाणु सम्झौताको सर्वपक्षीय विरोध भयो। त्यसैले सरकारले सबैको चित्त बुझाउन सम्झौताबाट भारतको हितहुने परिदृष्य देखाउन सक्नुपऱ्यो । खासगरी सम्झौताअनुसार भारतले अमेरिकालाई आन्तरिक आणविक शक्ति र प्रतिरक्षा भण्डार खुला गर्नुपर्ने हुन्छ, जो मुलुकको हितमा हुँदैन भन्ने तर्क आलोचकहरूको थियो । तर, सम्झौताको पक्षमा तर्क दिने विज्ञहरूको भनाइ छ, सम्झौताले भारतलाई अधिक आणविक उर्जा इन्धन बनाउन र अधिक मात्रामा परमाणु हतियार सञ्चित गर्न अनुमति दिन्छ ।

'संसद्‌मा सम्झौताबाट मुलुकलाई कति फाइदा र कति नोक्सान छ भन्ने विषयमा केन्द्रित नभई ऊभन्दा म बढी राष्ट्रवादी देखिनुपर्छ भन्ने मानसिकता सांसदहरूले देखाए,' बैंगलोरस्थित सेन्टर फर इन्टर डिसिप्लिनरी स्टडिजका आणविक मामिला विश्लेषक एमभि रमानाले भने ।

'अधिकांशको विरोध घुर्की मात्रै थियो,' रमानाले थपे- विरोधका स्वरहरूले सरकारलाई कुनै पनि हालतमा कस्नसक्ने स्थिति नै थिएन। किनभने १२३ जस्ता कुनै पनि सन्धि सम्झौता गर्न वा विदेशी राष्ट्रसँग सहमति जनाउन सरकारलाई पूर्ण अधिकार छ । सहमतिकै लागि संसदको स्वीकृति चाहिन्न तर सन्धि सम्झौता कार्यान्वयनका लागि संसद्‌बाट अनुमोदन हुनुभने आवश्यक छ। आजको चिन्ता पनि यही अनुमोदनकै हो। अन्तत: कम्युनिस्ट पार्टीले सरकारलाई आइएइएसँग सहमति अगि बढाउन अनुमति दिएको छ ।

यो सम्झौता भारतको संसद्‌बाट अनुमोदन भएपछि अमेरिकी कांग्रेसले पनि प्रमाणीकरण गर्नु भने आवश्यक छ ।

अमेरिकाले एनएसडीसँग सम्पर्क गरी उसको परमाणु व्यापार नियमअनुसार परमाणु खरिदमा भारतलाई बिनाशर्त छुट दिनेछ । अमेरिकाको राष्ट्रपतीय चुनाव अगि नै यो कार्य सम्पन्न हुने अपेक्षा राखिएको छ । भारतीय सरकारको थाप्लोमाथि मडारिएको कालो बादल भने अहिलेलाई टरेको छ । साझा संसदीय समितिको विरोधका बावजुद यदि सरकारले आइएइएसँग सम्झौता अगि बढाएको भए वाम घटकले सरकारमाथिको समर्थन झिक्ने थियो। तर, सरकारले वाम घटकको रायको सम्मान गर्दै अघि बढेकाले त्यो सम्भावना रहेन ।

सम्झौताको प्रभाव घरेलु मामिलामा पनि परेको छ। कांग्रेस पार्टीमा यही डिसेम्बरको अन्त्यमा गुजरात र हिमाञ्चल प्रदेशमा राज्यसभा चुनावका लागि प्रदर्शन गर्नुका साथै नन्दीग्राममा विकास योजना पुऱ्याउने कामहरू सामेल छन् ।

यदि कांग्रेसले चुनावमा अपेक्षित परिणाम ल्यायो भने उसले मध्यावधि चुनाव घोषणा गर्नसक्छ र वाम घटकको जवाफ नकुरीकनै आइएइएसँग कुरा गर्न सक्छ ।

यदि आगामी केही सातामा युपिए राजनीतिक हिसावले कमजोर देखियो भने वाम घटकले सरकारलाई वार्तामा रोक लगाउन पनि सक्छ। तर अहिले यसको कम सम्भावना देखिन्छ ।

कहिले काहीं आइएइएसँग गरिएको सुरक्षा सम्झौतामा इन्धन भण्डार समावेशमाथि केही अनिश्चितता आउँछ ।

'अमेरिका र आइएइएका महानिर्देशक सम्झौताको पक्षमा पैरवी गर्दै आएका महमद अल बरादयीले भारतलाई सम्झौताका लागि जुन रूपको योग्य ठानेका थिए त्यो भने पाउन सकेनन् । एनएसजीमा काम पूरा गनु अझै कठिन हुन सक्छ ।

थुप्रै एनएसजी सदस्यहरूमा सम्झौताका विषयमा आशङ्का कायम छ। खास यसको परिणामले विश्वव्यापी आणविक उर्जा पद्धति र यसमा उत्पन्न हुने अवस्थालाई अधिक कमजोर बनाउँछ ।

'महाशक्ति बन्ने दिशातर्फ अघि बढेको' भारतले अमेरिका र वामशक्तिबीच सन्तुलन कायम गरेर योग्यता परीक्षामा उत्तीर्ण हुनैपर्छ। हेरौं के हुन्छ ।

# मृत्युदण्डमा अडान लिएर सिँगापुरले सबैको मन दुखायो

– बरादन कुप्पुसामी

कुवालालम्पुर (**आई.पी.एस्./ एन्.पी.आई.**) – नोभेम्बरमा संयुक्त राष्ट्र संघको महासभामा सम्पन्न मस्यौदा प्रस्तावमा सिँगापुरले आनो देशमा मृत्युदण्डको व्यवस्था कायम राख्ने अडान राखेको छ । यसका कारणले कयौं निराश भएका छन् र किन यो राष्ट्रले अन्तर्राष्ट्रिय रूपमा बहिष्कार गरिएको मृत्युदण्डको सजाय, अपराधको समाधनको नाममा कायम गर्ने जोखिम उठाउन खोजेको हो बुझ्न चाहिरहेका छन् ।

'धेरैजसो राष्ट्र यसको विरोधी भएको देख्दादेख्दै किन सिँगापुर मृत्युदण्ड लागू गरिनुपर्छ भन्ने कुरामा मरिहत्ते गर्दैछ,' सिँगापुरस्थित आनो कानुनी व्यवसाय खतरामा पर्ने डरले नाम बताउन नचाहने एक अधिवक्ताले भने ।

'हामी विश्वसँगै हिंड्नुपर्छ, मृत्युदण्ड हटाउन अथवा कानुनी रूपमा रोक्न सकिन्छ,' उनले टेलिफोनमार्फत जानकारी गराए ।

'यदि हामी एयरबस- ३८० व्यापारिक रूपमा उडाउने काममा प्रथम हुनसक्छौं, किन हामी मृत्युदण्ड हटाउन प्रथम नभई यसलाई यथावत राख्न चाहन्छौं,' उनको तर्क थियो- हामी नै विश्व रेकर्ड राख्ने कुरामा गर्व गर्छौं, तर हामी नै किन यति पछाडि ।

सिँगापुर ती थोरै राष्ट्रहरूमध्ये एक हो, जसले मृत्युदण्ड हटाउने कुराको विरोध गरे । यस सम्बन्धमा गत नोभेम्बरमा राष्ट्र संघमा भएको मतदानमा ९९ मुलुक मृत्युदण्ड हटाउने पक्षमा, ५२ विरोध र ३३ अनुपस्थित वा असंलग्न रहे ।

अमेरिका र चीनले पनि विकासोन्मुख राष्ट्रहरू, जसमध्ये धेरै इस्लामिक राज्यहरूसँग लागि, कडा वादविवादपछि विरोधमा मत दिएका छन् ।

१९२ सदस्यीय राष्ट्रसंघीय महासभामा सम्पन्न मतदानलाई लिएर आलोचना, समर्थन र विश्लेषण गर्न सबै स्वतन्त्र छन्, कूटनीतिज्ञहरूको टिप्पणी रहेको छ ।

कतिले त राष्ट्रसंघको यस निर्वाचन प्रक्रियाकै पनि निन्दा गरे । उनीहरूले मृत्युदण्डको पक्षमा रहेको मुलुकका रूपमा विश्वसामु आनो बेइज्जती गर्न प्रस्ताब नं. ८७ ल्याएर यस मुद्दालाई उछालेको भनेर आपत्ति पनि जनाए ।

बिरोधमा आवाज उठाउनेहरूको तर्कमा मृत्युदण्डको कानुन कायम गर्ने वा हटाउने भन्ने विषय एक स्वतन्त्र र सार्वभौम मुलुकको तजबिज हो । मृत्युदण्डको निश्चित प्रक्रिया हुन्छ र अदालतले छानबिनपछि मात्र यस विषयमा फैसला गर्दछ । कानुनसम्मत ढङ्गले चलिरहेका मुलुकलाई निच देखाउने र उनीहरूको सार्वभौम अधिकारमा धावा बोल्ने काम मतदानले गरेको भन्दै उनीहरूले आपत्ति जनाएका हुन् ।

मृत्युदण्ड नभई हुँदैन भन्ने अरु मुलुकहरूमा मलेसिया, इजिप्ट र बार्बाडोसलगायत छन् । यस निर्णयले अरु राष्ट्रहरू जहाँ मृत्युदण्डको सजाय कायम छ तर छलफलका क्रममा छन्,

उनीहरूलाई अस्थायी रूपमा यो सजाय स्थगित गर्न प्रेरणा तथा दबाब मिलेको छ ।

सिंगापुरका राष्ट्रसंघ प्रतिनिधि भानु मेनोनले यसबारे आनो टिप्पणी सुनाए, 'यस विषयमा हरेकले अर्को व्यक्तिको संरचनागत मान्यतामा धावा बोल्ने काम गर्‍यो ।' सहभागीले एक प्रकारको सोचाइ अरु माथि थोपर्न चाहेको उनको विश्लेषण छ ।

सिंगापुर विश्वमै केही अपराधका लागि अखडा मानिन्छ । हत्या, लागू औषधको व्यापार, तथा अन्य यस्तै अपराधका लागि त्यहाँ मृत्युदण्डको प्रावधान छ । तर मृत्युदण्डले त्यस्ता अपराधमा खासै फरक पार्दैन भन्दै मृत्युदण्डप्रति सिँगापुरका कार्यकर्ताहरूले आक्रोश व्यक्त गरेका छन् ।

सिंगापुरका वेव साइट तथा ब्लगमा मृत्युदण्डको पक्षमा राखिएका टिप्पणीले सिंगापुरलाई 'सानो व्यस्त मौरी' भनेको छ । यहाँ प्रेसमाथि कडा हस्तक्षेप हुन्छ र खुला रूपमा छलफल चल्न पनि दिइँदैन ।

'हामी सबै निरास भएका छौं कि( नकि मृत्युदण्डको पक्षमा अगाडि रहने सिंगापुर भयो, तर हामी साँच्चिकै छक्क परेका छैनौं,' सिंगापुरका सिनपान सभिडोराईले भने । उनी सिंगापुरमा एक विचार केन्द्र नामक एनजिओ चलाउँछन् । यसले मानव अधिकारका पक्षमा तथा मृत्युदण्डको विरुद्ध काम गर्छ ।

'सन् १९९१ देखि ४ सयभन्दा बढी मृत्युदण्डको सजाय भैसकेको छ । सिंगापुरले राष्ट्रसंघको मतमा अग्रसर भएकोले हामी सशङ्कित भएका छैनौं' उनले बैंककबाट फोनमार्फत आईपीएसलाई जानकारी गराए ।

समग्रमा १ सय ३० देशले मृत्युदण्डलाई पूर्ण रूपले बन्देज गरिसकेका छन् । मात्र २५ देशले गत वर्ष मृत्युदण्डको सजाय दिए । २५ देशको समूहमा सिंगापुर नेता भएर निस्केको छ,' समिदोराईले भने ।

राष्ट्रसंघ महासभाको निर्णय कानुनी रूपमा लागू नहुने भएतापनि मृत्युदण्डको बन्देज गर्ने कुरामा धेरै देशको समर्थन भएकाले अन्तर्राष्ट्रिय सोचाइलाई ठूलो असर गर्नसक्छ ।

सालाखालामा सिंगापुरले प्रत्येक वर्ष १० देखि २० अपराधीलाई मृत्युदण्ड दिन्छ । धेरैजसो लागू औषध व्यापारमा संलग्न व्यक्ति यस सजायको शिकार भएका छन् । सामीडोराईले भने- धेरै अनुसन्धानले लागू औषधको व्यापारमा मृत्युदण्ड सजायले खास असर पार्न नसकेको देखाएको छ ।

'सिंगापुरबाट मृत्युदण्ड हटाउनु भनेको पहाड फाड्नुजस्तै गाह्रो हुन्छ' उनले भने- त्यसमाथि पनि सिंगापुरमा त्यस्ता धेरै कारण छन् जसले गर्दा मृत्युदण्डको सजाय आवश्यक छ भन्ने तर्कले महत्व पाइरहेको छ ।

७६ प्रतिशत चिनिया बसाइ भएको सिंगापुरमा चिनिया सोचाइअनुसार कडा सजायले अपराध घटाई शान्ति पुन:स्थापना हुने र कनफुसियसको शान्तिलाई व्युँताउन सकिने विश्वास गरिन्छ ।

'पुर्खादेखि चलिआएको यो मृत्युदण्डको सोचाइ कडा सजाय नै अपराधको समा( धान हुने कुरा सिंगापुरको दिमागमा रहेको छ, जसले गर्दा यसलाई हटाउन त के ऊ यसलाई अस्थायी रूपमा रोक्न पनि चाहँदैन,' उनले भने ।

सिंगापुरले कानुनी रूपले अस्थायीरूपमा मृत्युदण्ड रोक्ने कुरालाई राष्ट्रको सार्वभौम अधिकारमाथि ठूलो हस्तक्षेपको रूपमा लिएको छ ।

सायद अर्को कारण यो हुनसक्छ कि सिंगापुर आफूलाई लागू औषध कारोबार तथा अन्य अपराधबाट मुक्त पार्न चाहन्छ, उनले भने । यो सिंगापुरको बचाउ: पर्खालको रूपमा हो, समिदोराइले भने- तर बिडम्बना यो छ कि यो अमानवीय हो र यसले काम पनि गर्दैन ।

अभियन्ताहरू भन्छन्, सिंगापुर एउटा अन्तर्राष्ट्रिय बजार हुन चाहन्छ । तर मृत्युदण्डको सजायले यसलाई बिभिन्न कोणबाट नोक्सान पुर्‍याउँछ । त्यसैले अपराध नियन्त्रणका लागि अन्य आर्थिक तथा प्रगतिशील कानुन ल्याउनुपर्छ ।

'यसले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ र नागरिक तथा राजनीतिक अधिकार अभिसन्धिको धारा ६ अन्तर्गतको बाँच्न पाउने अधिकारलाई मनन गर्नुपर्छ,' समिदोराईले भने ।

'अब सिंगापुरले कुनै पनि कारण देखाई मृत्युदण्डको सजायको पुष्टि गर्न सक्तैन, उसले अपराध न्याय प्रणालीमा सुधार गर्नैपर्छ,' उनले भने ।

# औषधि-उपचारको खेती, आचारको अनिकाल

– केया आचार्य

बैंङ्लोर (**आई.पी.एस्./एन्.पी.आई.**) – नियम-कानुन पूरा नगरी खोलिएका क्लिनिकहरूमा पनि ग्राहकहरूको कमी छैन । त्यहाँ सस्तो मूल्यका कारण धेरै सहभागीहरू आनो स्वास्थ्य परीक्षण र शल्यक्रियाका लागि जाने गर्छन् । किन भारतमै स्वास्थ्योपचारका क्षेत्रमा बहुराष्ट्रिय औषधि कम्पनीहरू, विशेषज्ञ संघ- संस्थाहरूसमेत बढेका हुन्, यस प्रश्नको जबाफ खोजी गर्नु भने आवश्यक छ ।

विश्वको स्वास्थ्योपचारसँग सम्बन्धित क्रियाकलापमा करिव ४० प्रतिशत एशिया, पूर्वी युरोप, मध्यवर्ती र दक्षिण अमेरिकोमा हुने अनुमान गरिन्छ । यी देशहरूमा स्वास्थ्य क्लिनिकका लागि अनिवार्य दर्ता प्रणाली छैन र तिनीहरूले युरोपेली निर्देशन कार्यप्रणालीको पनि पालना गर्दैनन् । प्राय: विकासोन्मुख मुलुकहरूमा यस्तो अवस्था रहेको नेदरल्याण्डस्थित वेमस वकालती स्वास्थ्य संगठनका डा. जेकब सिजष्मा भन्छन् ।

केही महिनाअघि भारतको बैंङ्लोरस्थित नेशनल इन्स्टिच्यूट अफ मेन्टल हेल्थ साइन्समा भएको जीव-नैतिकता सभाको लागि आएका सिजष्मोले भने- भारतको सभ्य समाजमा पनि अवैध तरिकाले खोलिएका स्वास्थ्य क्लिनिकहरू सञ्चालन भएकोले चिन्ता बढेको छ ।

सन् २००६ मा वेमस र सेन्टर फर रिसर्च अन मल्टी नेशनल कर्पोरेसनले अवैध तरिकाले खोलिएका २२ स्वास्थ्य क्लिनिकको पहिचान गऱ्यो, त्यसमध्ये आठ वटा भारतकै थिए ।

भारतमा गैरकानुनी र अनैतिक परीक्षणमा संलग्न भएका उदाहरणमा सन फर्मास्युटिकल एण्ड नोभारटिसको लेट्रोजो स्तन क्यान्सरका लागि अनुमति पाएकोमा अन्य उपचारमा सरिक भएको देखियो । नोमोनोरडिष्कले मधुमेहको उपचारका लागि अनुमति पाएको, सोलमे फर्मास्युटिकल पखालाका लागि, जोनसन एण्ड जोनसनले कडा औलो उपचारको लागि, फिजरले मुटुको लागि, ओटसुकाले धमनीका लागि, भारतीय कम्पनी शान्ता वाटोटेक्निक एण्ड वायोकनले मधुमेहका लागि र जोन हकिन्स युनिभर्सिटीले मुखको क्यान्सर परीक्षणका लागि अनुमति पाएकोमा अन्य विषयको पनि उपचार गरिरहेका छन् ।

गैरकानुनी परीक्षण गर्ने प्रमाणित भएका देशहरूमा रसिया, नेपाल, युगाण्डा, पेरु, चीन, नाइजेरिया, अर्जेन्टिना र ठूला शहरहरूमा न्युर्योक, लण्डन पनि पर्छन् । राम्रो मानिएका युएस नेशनल इन्स्टिच्युट अफ हेल्थ, वाल्टर रिड आर्मी इन्स्टिच्युट अफ रिसर्च सेन्टरसँग आबद्धता देखाएर उनीहरूले अवैध कारोबार चलाइरहेका छन् ।

सनफ्रान्सिस्कोस्थित क्यालिफोर्निया विश्व विद्यालयका डा. बर्नार्ड लो पनि सम्मेलनमा उपस्थित थिए । उनले प्लुरिपोटेण्ट भनिने कोष (आईपीएस सेल) का बारेमा धेरै जिज्ञासाहरूको समाधान गरे । काण्ड-कोष अनुसन्धान क्षेत्रको नयाँ पद्धति भएकाले पनि यसप्रति सम्मेलनमा ठूलो उत्साह देखिएको थियो ।

यो प्रणालीमा अविकसित काण्डकोष प्रयोग गरिदैन । यस कोषको काम मानव कोष बढाउन सघाउनु हो । काण्डकोष प्रयोगशालामा लगेर मानवजीनसँग मिलाइन्छ, त्यसपछि मानव कोष बढ्छ । यसले गर्दा प्रयोगशालामा राम्रो र योजनाबद्ध रूपमा वैज्ञानिक अनुसन्धान गर्न त मद्दत पुग्छ तर केही चिन्ता पनि हुन्छ । जस्तो कोषहरू व्यापारिक हिसावले उत्पादन गरिएका हुन्छन् । सबै प्रकारको कोषको बारेमा नीतिगत रूपमा उठाइएका प्रश्नहरूको जबाफ दिनका लागि यस सम्बन्धमा सघन अनुसन्धान हुनु आवश्यक रहेको पनि लोले जानकारी गराए ।

'म भारतमा सञ्चालनमा हुने काण्डकोष अनुसन्धानप्रति ज्यादै चिन्तित छु, भारतको हैदराबाद शहरस्थित निकै प्रतिष्ठा आर्जन गर्न सफल सेन्टर फर मोलिकुलर

जीवविज्ञानका पूर्व निर्देशक डा. पुष्प भारगव भन्छन्- हामीलाई थाहा छैन कहाँबाट यी कोषहरू आउँछन् र कसरी तयार पारिएका हुन्छन् ।

'हामीसँग कोष ठीक छ-छैन भनेर परीक्षण गर्ने पद्धति नै छैन,' भार्गवले भने ।

वेसका डा. लियोटिन लेटरभिर भन्छन्, पारदर्शिता अभाव र चाहिनेभन्दा बढी गोप्यताका कारण सबै स्वास्थ्य परीक्षण केन्द्रलाई विश्वास गर्ने वातावरण अझै बनिसकेको छैन । भारतलगायत अन्य देशहरूमा पनि स्वास्थ्य परीक्षण कार्य प्रणालीबारे सूचना सङ्कलन गर्न धेरै अप्ठ्यारो परिरखेको छ ।

'भारतीय संगठनहरूलाई यस विषयमा प्रत्यक्षत: हामीलाई सहयोग गर्न अनुरोध गरेका छौं' लेटरभिर र सिजमा दुबैले एक स्वरमा भने ।

औषधोपचार परीक्षण र आचार संहिताको अनुगमनका विषयमा हेलसिन्की घोषणा जारी गरिएको भए तापिनि युरोपेली संघले परीक्षणमा त्यति ध्यान दिन नसकेका कारण आशङ्का जहाँको त्यहीँ छ । परीक्षण गर्ने कार्यमा खुकुलोपन कायम गरेका कारण युरोपेली बजारमा औषधिको प्रवेश भने बढेको छ, दुवै जनाको भनाइ थियो ।

'युरोपेली औषधि निर्माणकर्ताहरू पनि नियम-कानुनअनुसार चल्ने कुरामा त्यति कठोर देखिँदैनन् । लेटरभिरले भने, मुलुकले जे गर्छ गरोस् भन्ने सोचाइमा औषधि निर्माताहरू देखिन्छन् । हेलसिन्की घोषणापत्र अहिले संशोधनको क्रममा छ ।

सञ्चारमाध्यमले स्वास्थ्य संस्थाहरूमा कसको कोसँग सम्बन्धनछ भन्ने कुराको भण्डाफोर गरे । युएस जोन ककिन्स अस्पतालको सम्बन्धन केरलाको रिजनले क्यानसर उपचार सेन्टर (क्षेत्रीय क्यान्सर उपचार केन्द्र) सँग सन् २००० मा गाँसियो । इण्डियन काउन्सिल अफ मेडिकल रिसर्चलाई त्यस अस्पतालको सेवा कुन प्रकारको छ भनी परीक्षण गर्न दबाब दिइयो ।

यद्यपि इण्डियन काउन्सिलले नतिजा अझै सार्वजनिक गरेको छैन न त्यस बेलाको निर्देशकबिरुद्ध कुनै कारबाही नै थालिएको छ । तर जोन हकिन युनिभर्सिटीले भविष्यमा मानव विषयमा प्रमुख अनुसन्धानकर्ता भन्ने पद्वी राख्न नपाउने फैसला सुनाइदियो ।

हालका वर्षहरूमा भारतले औषधि र सौन्दर्य प्रसाधन ऐन-नियमलाई सञ्चालकहरूद्वारा सुधार गर्न लगाई परीक्षकको निर्देशन पालना गर्न अनिवार्य गरेको छ । यस व्यहोराको निर्देशन स्वास्थ्य केन्द्रले पाइसकेका छन् । नीतिगत ढङ्गबाट सञ्चालन गर्न लगाउने आइसिएमआरको अवधारणाअनुसार नै यो प्रावधान लागू गरिएको हो ।

तरपनि गल्ती गर्ने कम्पनीबिरुद्ध अनिवार्य क्षतिपूर्ति गराउने र दोषीउपर सजाय दिने कुनै कडा नियम छैन ।

हामीले नीतिगत ढङ्गले समितिसँग सचेतनाका लागि प्रत्यक्ष दायित्वबोध गराउनुपर्छ र स्थायी रूपमा यो कार्य गर्नुपर्छ । दोषी कम्पनीहरूको अनुमतिपत्र खारेजी गर्नुपर्छ, हैदरावादको नेशनल एकेडेमी फर लिगल स्टडिज एण्ड रिसर्चसँग आबद्ध एक वकिल भन्छन् ।

क्रिस्चियन मेडिकल कलेज, भेलोर र प्रमाणमा आधारित स्वास्थ्य-उपचार विशेषज्ञहरूको सञ्जाल कोकरेनको दक्षिण एसिया संयोजक उल्लेख गर्दछन्, यस क्षेत्रको सुधारका लागि पहिला फटाहा, धोकेवाज गैरकानुनी हिसावले खोलिएका क्लिनिकहरू, अनियमित स्वास्थ्य परीक्षण गर्ने तरिकाहरू रोकिनुपर्छ ।

थाऱ्यानले हालै आइसिएमआरद्वारा अनलाइन स्वास्थ्य परीक्षण केन्द्र खोलेर यस क्षेत्रमा मद्दत गरिरहेका छन् । यद्यपि भारतमा यसको कार्यान्वयन हुन समस्यामा परेका व्यक्तिहरूलाई अग्रिम जानकारी अनिवार्य छ ।

कानुन विशेषज्ञ माधव मेनन भन्छन्- भारतमा नीतिगत ज्ञानको कमी र कानुनको कार्यान्वयनको अपर्याप्तताका कारण यी समस्या सिर्जना भएको मैले पाएँ,' भारतका नेतृत्वदायी कानुनविद् माधव मेनन भन्छन् ।

पुणेस्थित नेशनल इन्स्टिच्युट अफ एड्स रिसर्च (एनआइएआर) ले कार्यक्षेत्रमा सक्रिय कार्यकर्ता, विरामी र सम्बद्ध अन्य पक्षलाई सचेतना प्रदान गर्न समुदाय सल्लाह समिति गठन गर्ने प्रतिबद्धता जनाएको छ । समितिले औषधोपचार र परीक्षणमा सहभागी हुनु सम्बद्ध सबैको अधिकार पनि हो ।

यद्यपि सम्पूर्ण समुदाय सल्लाह समितिको अवधारणा अझै विकासकै क्रममा छ । सल्लाह दिने समितिलाई नै औषधोपचारका क्षेत्रमा के-कस्ता कानुन छन्, नीतिगत प्रावधान के छ र कारबाहीका प्रक्रिया कस्ता छन् भन्ने विषयमा जानकारी हुनु आवश्यक छ । नियारका डा. सञ्जय मेहेनदेलले भने ।

# मलेसियामा ब्यूँतियो उपनिवेशकालको कानुनी भूत

– बरदान कुप्पुसामी

क्वालालम्पुर (आई.पी.एस्./एन्.पी.आई.) – सन् २००३ पदमुक्त अधिनायवादी शासक महाथिर मोहम्मदको पालामा जसरी आम नागरिकमा कुनै पनि बेला पक्राउ पर्ने र बिनाकारण वा अभियोग नदेखाई सरकारी नियन्त्रणमा जानुपर्ने सम्भाबना थियो, आज फेरि सोही अबस्था फर्केर आएको छ ।

खासगरी राजनीतिक प्रतिद्वन्द्वी, कार्यकर्ता अथवा मानवअधिकारकर्मी अधिवक्ता सर्वाधिक कठोर सजायको शिकार हुने अवस्था फेरि देखिएको छ ।

महाथिरपछि केही समयसम्म जनताले केही राहत महसुस गरेका थिए । तर बदावीको चार वर्ष लामो कार्यकालमा कतै लोकतान्त्रिक चरित्र देखिएन । उनी पूर्ण रूपले महाथिरकै उत्तराधिकारी सावित भए ।

मलेसियालीहरूले महाथिरका उत्तराधिकारी अबदुल्लाह बदावी आश्वासन भने ठूलो दिने, प्रचार-प्रसारमा भने बढी विश्वास गर्ने तर व्यबहार भने अधिनायकवादी देखाउने व्यक्ति सावित भएका छन् । उनले भ्रष्टाचार निर्मूल, अपराध नियन्त्रण, पारदर्शिता, जबाफदेही, स्वतन्त्र न्यायालय र खुला सञ्चार नीति अबलम्बन गरिने घोषणा गरेका छन्, तर व्यवहार त्यसको ठीक उल्टो देखाउँछन् ।

सरकारको आलोचना गरेर नयाँ बिहानी ल्याउनुपर्छ भन्ने मीठो भनाइ नोभेम्बर १० र २५ मा झुटो साबित भयो । सरकारको भण्डाफोर गर्ने दुई प्रमुख व्यक्ति मात्र होइन उनीहरूका पछि लाग्ने ५० भन्दा बढी प्रदर्शनकारीलाई गिरतार गर्ने, थुनामा राख्ने र हतोत्साही बनाउने काम सरकारले गऱ्यो ।

'अबदुल्लाह प्रजातन्त्रको शिरमाथि मडारिएको कालो छायाँ हुन् । उनको व्यबहार छलकपटले भरिएको छ । अलिकति मात्र भए पनि जनतालाई मुक्तिको अनुभूति हुने व्यबहार देखाउनुपर्छ,' मलेशियन डट कम नामको स्वतन्त्र अनलाइन पत्रिका स्टेभेन गानका सम्पादकले भने- बदावीले जनतालाई मुक्का देखाए ।

बदावीको देखावटी मुकुण्डोप्रति ध्यान दिन उनले सुझाब दिएका छन् । उनले सञ्चार माध्यमलाई आनो दास बनाएका छन् । ठूलो स्वरले गलत कामलाई सही भन्दै र देशका लागि वा राष्ट बचाउनका लागि भन्दै विरोधीलाई सताउने काम गरिरहेका छन् । उनले खतर नाक आन्तरिक सुरक्षा ऐनको प्रयोग गरी राजनीतिक विरोधीलाई गिरतार गर्ने अभियान नै चलाएका छन् ।

'म रीष्ट्रिय स्थिरताका हेतु आमस्वतन्त्रताको वलिदान दिन उत्सुक छु' बदावीले डिसेम्बरको दोस्रो साता एक खुला कार्यक्रममा बोल्दै भने । उनी विरोधी पार्टीका व्यक्तिको गिरतारीलाई स्वाभाविक भन्न खोजिरहेका थिए । कमसेकम पचास जना प्रदर्शनकारी गिरतार भएकोमा धेरैजसो वकिल, विपक्षी पार्टीका नेता र प्रजातन्त्रप्रति प्रतिबद्ध कार्यकर्ताहरू छन् । उनका शब्दहरूले फेरि एकपटक १९८७ को स्मरण गरायो । त्यस बेला एक साथ यसरी नै एक सय दुईजना विरोधी कार्यकर्तालाई गिरफ्तार गरिएको थियो ।

बदावीको चारवर्ष लामो कार्यकालमा प्रहरीमा अनियन्त्रित भ्रष्टाचार, कमजोर न्यायलय, भ्रष्टाचार सम्बन्धी मुद्दालाई स्वाभाविक मान्ने र भ्रष्टाचारीको सामाजिक प्रतिष्ठा बढाउने अभ्यास, धर्मको स्वतन्त्रतामा नियन्त्रण र जनताको कष्टकर जीवन सामान्य विषय बने ।

'बदावी असफल भएको प्रमाण यत्रतत्र छन्' विपक्षी नेता लिम कीट सियाङले भने- उनी असंख्य समस्या थुपार्ने र समाजलाई दबाउने काममा लागिरहे ।

हालको डरलाग्दो परिस्थितिले राष्ट्रको ध्यान आकर्षित गऱ्यो । विरोधी भनेर चिनिएका अनबर इब्राहिमलाई सरकारले पक्राउ गरेपछि नै सरकारको मुकुण्डो उत्रिएको हो । अधिकारकर्मीहरूले सार्वजनिक प्रदर्शनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भनेर स्वीकार गरिएका उनको गिरतारीले अक्टोबर महिनामा राजधानी हल्लायो ।

उनलाई टर्कीबाट क्वालालम्पुर एयरपोर्टमा अवतरण गर्दा पक्रेर ४५ मिनेटसम्म सोधपुछ गरिएको थियो ।

इब्राहिमको कारणले बदावी-सरकार केही हच्कियो । सरकार कठोर यथार्थताको दैनिक जीवनबाट सम्पर्कविहीन भएको महसुस भयो र यही समयले जतिसक्दो चाँडो मन्दीमा चलेको अर्थतन्त्रलाई उठाउन र दमन गर्ने प्रवृत्तिको विरोध गर्न पनि बल पुऱ्यायो ।

नोभेम्बर २५ का दिन शहरमा ओर्लिएको २० हजार भारतीय मूलका मलेसियालीहरूको जुलुसले जातिगत भिन्नताको अन्त्य हुनुपर्ने र राष्ट्रिय सम्पत्तिमा निष्पक्ष हिस्सा हुनुपर्ने भाग गरे । योभन्दा पहिला नै नोभेम्बर १० मा अनवरद्वारा नेतृत्व गरिएको विशाल भेलाले छलकपटबिनाको निर्वाचन हुनुपर्ने माग गरेको थियो ।

केही समयदेखि अधिकारवालाहरूले सार्वजनिक प्रदर्शनमा भाग लिएकाले मानवअधिकारवादी, वकिल, विपक्षी पार्टीका सदस्यलगायत नागरिक समाजका सदस्य

तथा अधिकारवादी कार्यकर्ताहरूको गिरतारी भइरहेको थियो ।

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसमा वकिलहरूलाई कुनै पनि सार्वजनिक प्रदर्शन हुने ठाउँभन्दा एक किलोमिटरको दुरीमा हिंड्ने अनुमतिसम्म दिइएन ।

सार्वजनिक भेलामा पाँच जनाभन्दा बढी व्यक्ति जम्मा हुनको लागि मलेसियाली कानुन अनुसार प्रहरीको अनुमति लिनुपर्ने व्यवस्था गरियो ।

गिरतार गरिएका ५० व्यक्तिलाई फितला कानुनहरूलाई टेकेर बिभिन्न अभियोग बोकाउने काम भयो । उनीहरूलाई गैरकानुनी भेलमा भाग लिएको भन्दै ६ महिनाको काराबासको सजाय दिइएको छ ।

त्यस्ता प्रदर्शनले राष्ट्रलाई अस्थिरतातर्फ धकेल्छ भन्ने गफ मात्र हो, अधिवक्ताहरूको अडान रहेको छ । 'प्रधानमन्त्रीलाई उनको युनाइटेड नेशनल अर्गनाइजेशनका साथीहरूले बिरोधीसँगको अन्तरबिरोध यथाशीघ्र कमगर्न दबाब दिएका छन्,' आईपीएससँगको अन्तर्वार्तामा प्रतिष्ठित अधिवक्ता तथा न्यायिक व्यवस्थाका सम्बन्धका राष्ट्रसंघीय विशेष समाधिक्षक परम कुमारासामीले भने ।

त्यहाँ सबैले आन्तरिक सुरक्षा ऐन (आइएसए) यसको कारण हो भनिरहेका छन् । यदि यस्तै हुने हो भने मलेसियामा पलाइरहेको प्रजातन्त्रको कदमप्रति प्रमुख धक्का हुनेछ ।

आइएसए १९६० मा बनेको कानुन हो । कम्युनिष्टबिरुद्ध लागू गर्न औपनिवेशिक जमानामा यसको निर्माण भएको हो । तर स्वतन्त्रताको युग सुरु भैसकेपछि पनि त्यसलाई जीवितै राखिएको छ ।

त्यसपछि यो कानुन २००१ मा भिन्न अभियोग लगाई सरकारले आतङ्ककारीको सूचिमा राखेको जिमाह इस्लामियाका सदस्यहरू विरुद्ध प्रयोग गरियो । २००२ मा यसको प्रयोग इब्राहिमको नेशनल जस्टिस पार्टीका आठ नेताविरुद्ध गरियो । यसमध्येका एक पीडितले सरकारलाई अवैध नजरबन्दमा रहेको प्रमाणित भएपश्चात् हर्जानास्वरूप ६ लाख १ हजार ८५ अमेरिकी डलर तिराउन सफल भए ।

सरकारको कार्यशैलीले सरकारविरोधी जनता कुनै पनि दिन एकाबिहानै सादा पोशाकमा आएका प्रहरीको नियन्त्रणमा नपर्लान् भन्न सकिन्न । कति विपक्षी विचारका व्यक्तिहरू 'तिमी गिरतार हुने क्रममा छौं' भनी कसैले सुनायो भने म 'पहिला नै तयार छु' भन्छन् । त्यहाँको प्रहरीले आन्तरिक सुरक्षा मन्त्रीद्वारा हस्ताक्षर गरिएको नजरबन्दको आदेश निकाल्छ, त्यस विषयमा बडावी आफै लागिरहेका हुन्छन् । पक्राउ पर्ने व्यक्तिले निर्दोशिता सावित गर्न सक्तैन ।

'बडावीका प्रहरीको हातमा पर्नु भनेको आध्यारो प्वालमा खस्नुजस्तै हो,' आइएसएको चङ्गुलमा पहिला नै परिसकेका गोवालाकृष्नन नागापान भन्छन् । उनलाई गैरकानुनी भेलामा सहभागी भएको आरोप लगाउँदै पक्राउ गरिएको थियो । उनले भने, जोसुकैलाई 'तिमी गिरतार भयौं भनी उनीहरूले अत्याउन सक्छन्' उनले आनो २००२ मा आइएसए बन्दी भएको दिन सम्झदै आईपीएसलाई भने 'त्यो पृथ्वीको नर्क हो'

जब २००३ मा बडावीले कार्यभार सम्हालेका थिए, उनले सार्वजनिक रूपमा आइएसए अस्वीकार गर्ने र यसको प्रयोग नगर्ने वाचा गरेका थिए । चार वर्षपछि यसलाई असन्तोष दबाउनका लागि प्रयोग गर्ने धम्की दिइरहेका छन् उनले यसको कारणमा गरीबी निर्मूल गर्नमा त्यसको केन्द्रित हुनेछ भनेका छन् ।

धेरैजसो पर्यवेक्षकले अनुभव गरेको कुरा बडावीले भ्रष्टाचार मेटाउने र प्रजातन्त्र बहाल गर्ने जुन प्रतिज्ञा गरेका थिए त्यसलाई पूरा गरेको देखिएन ।

उनको मीठो भाषाले सबैलाई लोभ्याउँछ तर उनले केही गर्न सकेका छैनन् । भ्रष्टाचारी संरक्षण उनकै सरकारले गरेको छ, पार्टी सोसियलाइज मलेसियाका अध्यक्ष नासिर हासिमले भने, 'चारवर्षपछि म बडावीको स्वेच्छिक दास बनेको छु ।'

'मलेसियामा भ्रष्टाचारले नेतृत्वलाई खप्लक्क निलेको छ । इब्राहिमले एक वक्तव्यमा भने, न्यायलयको अखण्डता कमजोर हुँदै गएको छ । अपराध नाटकीय ढंगले बढिरहेको र अर्थतन्त्र खस्किँदै गएको छ ।

'नगरवासीले सडकमा शान्तिपूर्ण प्रदर्शनमा भाग लिएर निर्वाचन प्रणाली सुधारका निम्ति कराउनुपर्छ । हालसालै वकिलहरू जेलमा परेका छन् । सरकारले मानव अधिकारवादी नेतालाई तर्साउने र डर देखाउने आइएसएका भूतहरूलाई पुनर्जीवित पारेको छ, यसलाई फिर्ता गराउन सक्रिय हुनुपर्छ,' उनले वक्तव्यमा भनेका छन् ।

NEPAL PRESS INSTITUTE
NPI
२०४१ 1984
नेपाल प्रेस इन्स्टिट्यूट

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ______


npiktm@wlink.com.np